टेलिफोन नं.: ०८१०८१४२०५२
फ्याक्स नं. : ०८१-५२०१४१
इमेल :nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं.२०८०।०८१
च.नं.

मिति २०८०।१२।०१

**मासु प्रवर्द्धन तथा दुध उत्पादन प्रवर्द्धन कार्यक्रममा सहभागी हुन इच्छुक अनुदानग्राहीको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना**

प्रथम पटक सूचना प्रकाशित मितिः२०८०।११।१५
दोश्रो पटक सूचना प्रकाशित मितिः२०८०।१२।१०

नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज बाँकेको आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक अनुसार "प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८०" बमोजिम देहायका कार्यक्रम सञ्चालन गर्न इच्छुक फर्म/समुह/सहकारी/निजि व्यवसायी/उद्यमी/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०८०।१२।२४ गते) सम्म कार्यालय समय भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा प्रस्तावना दर्ता गर्नुहुन यो सूचना आह्वान गरिन्छ। साथै रीत नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावनाहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

देहाय

| क्र.सं. | कार्यक्रमको नाम | उत्पादन प्रवर्द्धन दिने आधारहरु | प्रमाणित आधारहरु | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | दुध उत्पादन प्रवर्द्धन कार्यक्रम | १)गत आ.व.को श्रावण महिना देखि असार सम्मको दुधको कारोबार अभिलेख पेश गर्नुपर्ने।<br>२) समुह वा सहकारी वा कम्पनी वा निजि डेरि वा निजि उद्यमीले संस्थागत रुपमा खरिद बिक्रि गरेको हुनुपर्ने।<br>३) पशु बिमा गरेका पशुपालक कृषकहरुलाई प्रथमिकता दिईने। | १) आवेदकको नागरिकताको प्रतिलिपि।<br>२) सहकारी वा कम्पनिले संस्थागत अभिलेख।<br>३) सहकारी/समुह/निजि डेरि/कम्पनी आफैले बिक्रि वितरण गर्ने भए बिक्रि अभिलेख र थोक बिक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्रि गर्ने भए सम्झौताको प्रतिलिपि वा बिक्रि गरेको पसलको ठेगाना र सम्पर्क नं सहितको विवरण।<br>४) कृषकले व्यवसायिबाट लिएको भुक्तानी अभिलेख।<br>५) सहकारी वा संस्थागत रुपमा कृषकको रकम खातामा भुक्तानी गरेको अभिलेख।<br>६) स्थायी लेखा नं. कर चुक्ता कागजात<br>७) दुध कारोबार खुल्ने वार्षिक लेखा परिक्षण प्रदिवेदन र आवेदकको बैंक खाता नं. | प्रति लिटर रकम रु ५।(अक्षेरपी पाँच) | |
| २ | मासु प्रवर्द्धन कार्यक्रम (बाख्रा/भेडा/बंगुर/पाडा) | १)बाख्रा/भेडा/पाडा/बंगुर/हरुको अभिलेख भएको हुनुपर्ने।<br>२)पशुहरुको बिमा भएको हुनुपर्ने। | १) आवेदकको नागरिकताको प्रतिलिपि।<br>२)सहकारी वा कम्पनिले संस्थागत अभिलेख।<br>३) स्थायी लेखा नं. कर चुक्ता कागजात।<br>४) पशु(बाख्रा/भेडा/पाडा/बंगुर) बिमा अनिवार्य भएको हुनुपर्ने।<br>५) कारोबार खुल्ने वार्षिक लेखा परिक्षण। | प्रति पशु रकम रु.२५००। (अक्षेरपी दुई हजार पाँच सय) मात्र | |

दिपेन्द्र श्रेष्ठ
अधिकृत

टोलफ्री नं.: ०६६०८१५२०५२
फोन नं. : ०८१-५२०१५१
इमेल :nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

आवश्यक संलग्न कागजातहरु

१) अनुसूची -२ अनुरुपको संक्षिप्त कार्ययोजना।
२) अनुसूची-३ बमोजिमको निवेदन।
३) निवेदकको नेपाली नागरिकताको प्रतिलिपि।
४) आवेदकको सहकारी सम्बन्धित निकायमा दर्ता/नविकरण भएको प्रमाणको प्रतिलिपि।
५) कार्ययोजना अनुरुपको योग्यता,तालीम र अनुभव जनाउने कागजात।
६) सहकारी संस्थाहरुकोहकमा सम्बन्धीत व्यवसाय सञ्चालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि।
७) संघ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्र।
८) कृषक समुह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि।
९) कृषक समुह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली।
१०) यसै प्रकृतिको कार्यका लागि विगत २ (दुई) वर्षमा अनुदान नलिएको स्वघोषणा पत्र।
११) निर्माण कार्यको हकमा लागत ईस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेसनको प्रतिलिपि।
१२) सम्बन्धीत वडाको सिफारिस पत्र।

आवेदकहरुले निवेदन र संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम सञ्चालन कार्यविधि यस कार्यालयको वेबसाईटबाट डाउनलोड गर्न वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ। थप जानकारीका लागि पशुसेवा शाखामा सम्पर्क गर्नहुन अनुरोध छ।

बोधार्थ
श्री सूचना प्रविधि शाखाः कार्यालयको वेबसाईटमा राखिदिनुहुन।

दिपेन्द्र श्रेष्ठ
अधिकृत